# विनिमयदर स्थिरै

**कान्तिपुर संवाददाता**/काठमाडौं

भारतीय रुपैयाँ (भारु) कमजोर भएर नेपाली मुद्रा पनि अवमूल्यन भइरहे पनि नेपाली मुद्रासँगको स्थिर विनिमय दर परिवर्तन नहुने भएको छ। नेपाली अर्थतन्त्र तुलनात्मक रूपमा राम्रो हुँदाहुँदै पनि भारतसँगको स्थिर विनिमय दरको नकारात्मक प्रभाव परेको गुनासो आइरहे पनि राष्ट्र बैंकले परिवर्तन नहुने प्रस्ट्याएको छ।

'स्थिर विनिमयदरको फाइदा र बेफाइदा हेरिनुपर्छ,' कान्तिपुर राउन्ड टेबलमा गभर्नर युवराज खतिवडाले भने, 'अहिलेसम्म फाइदा बढी भएकाले स्थिर विनिमय दर परिवर्तन गर्नु आवश्यक देखिँदैन।' भारुसँग करिब २२ वर्षदेखि १ सय बराबर १ सय ६० नेपाली रुपैयाँमा स्थिर विनिमय दर कायम गरिएको छ। स्थिर विनिमयदरकै कारण नेपाली मुद्रा पछिल्लो समय करिब १५ प्रतिशतले कमजोर भएको छ।

एक अमेरिकी डलर १ सय ८ रुपैयाँसम्म पुगेर शुक्रबार केही तल झरेको छ। हरेक दिन रेकर्ड तोड्दै बढेको डलरको शनिबार र आइतबारका लागि केन्द्रीय बैंकले तोकेको औसत विनिमय दर १ सय ६ रुपैयाँ छ। 'साउन महिना धेरै प्रतीतपत्र (एलसी) खुल्ने समय हो,' बैंकर्स संघका



**>> कान्तिपुर राउन्ड टेबल**

- अहिलेसम्म फाइदा बढी भएकाले स्थिर विनिमयदर परिवर्तन गर्नु आवश्यक देखिँदैन : गभर्नर
- भारतीय पर्यटकका लागि डलर बलियो भएकाले अन्य गन्तव्य महँगो हुँदै गएका छन्, त्यसले पर्यटन बोर्डले भारतमा प्रवर्द्धन गरी पर्यटक ल्याउनेतर्फ प्रयास गरिनुपर्छ : वैद्य
- हामीकहाँ समस्या आइसकेपछि मात्रै हल्ला गर्ने चलन छ, अहिले निर्यात बढाउने नीति अवलम्बन गरी फाइदा लिने अवसर हो। तर सरकारको ध्यान पुग्न सकेको छैन : प्याकुर्‍याल

पूर्वअध्यक्ष अशोक राणाले भने, 'तर यस पटक भने अघिल्लो वर्षभन्दा एलसी ११ प्रतिशत घटेको छ।'

बाह्य कारणले नेपाली अर्थतन्त्रले जोखिम लिनु परिरहेकाले स्थिर विनिमयदर परिवर्तन गर्नुपर्ने माग आइरहेका बेला पूर्वगभर्नर दीपेन्द्र क्षत्रीले पनि दर चलाउन नहुने धारणा राखेका छन्। 'विनिमयदर परिवर्तन गर्दाको जोखिम अझ बढी हुने हुँदा परिवर्तन गर्नुपर्ने समय आइसकेको छैन,' योजना आयोगका पूर्वअध्यक्ष समेत रहेका क्षत्रीले भने।

विनिमयदर खुला छाड्दा अझ नेपाली रुपैयाँ थप कमजोर हुने जोखिम छ। अन्तर्राष्ट्रिय व्यापारमा ८८ प्रतिशत हिस्सा आयातको भएको मुलुकमा यसले मुद्रास्फीतिमा थप चाप पार्ने छ। मुद्रास्फीति दर ४ वर्षपछि २ अंकमा छ। यसैगरी भारतसँगको व्यापारको हिस्सा ६५ प्रतिशत भएकाले पनि परिवर्तन आवश्यक नभएको उद्योग वाणिज्य महासंघका अध्यक्ष सुरज वैद्यले भने। 'भारतजस्तो ठूलो अर्थतन्त्रसँग स्थिर विनिमय दर हुँदा धेरै जोखिमबाट पनि बचिएको छ,' उनले भने। उनले दर परिवर्तन गर्नुभन्दा पनि बलियो डलरबाट फाइदा लिनेतर्फ ध्यान दिनुपर्नेमा जोड दिए।

'भारतीय पर्यटकका लागि डलर बलियो भएकाले अन्य गन्तव्य महँगो हुँदै गएका छन्,' वैद्यले भने, 'त्यसले पर्यटन बोर्डले भारतमा प्रवर्द्धन गरी पर्यटक ल्याउनेतर्फ प्रयास गरिनुपर्छ।' छलफलका अन्य सहभागीले निर्यात बढाएर पनि बलियो डलरबाट फाइदा लिन सकिने बताए। त्यसका लागि स्वदेशी उत्पादनलाई प्रोत्साहन गरी निर्यात बढाउनुपर्ने उनीहरूको धारणा थियो। 'हामीकहाँ समस्या आइसकेपछि मात्रै हल्ला गर्ने चलन छ,' अर्थविद् विश्वम्भर प्याकुर्‍यालले भने, 'अहिले निर्यात बढाउने नीति अवलम्बन गरी फाइदा लिने अवसर हो। तर सरकारको ध्यान पुग्न सकेको छैन।'

सरकारले ३ वर्षअघि राष्ट्रिय एकीकृत व्यापार रणनीति (एनटीआईएस) मा मुलुकका तुलनात्मक लाभका वस्तुहरूको सूची तयार पारे पनि प्रवर्द्धनका लागि दरिलो प्रयास भएको छैन। यसमा १९ वटा वस्तु तथा सेवालाई लाभ दिन सक्ने सूचीमा राखिएको छ। 'यी र यसबाहेक पनि निर्यातको सम्भावना भएका वस्तु प्रवर्द्धनमा ध्यान दिएर लाभ लिन सकिन्छ,' भन्दै विश्व व्यापार संगठन (डब्लुटीओ) अन्तर्गतको इन्हान्स्ड इन्टिग्रेटेड फ्रेमवर्क (ईआईएफ) को प्रमुखमा नियुक्त भएका अर्थविद् रत्नाकर अधिकारीले भने। एनटीआईएस तयार पार्न यसअघि ईआईएफले सहयोग गरेको थियो। यसले विश्वका ४९ अतिकम विकसित मुलुकको व्यापार विस्तारमा सहयोग गर्छ। प्रविधि कोष, निर्यात ग्राम, औद्योगिक ग्रामजस्ता संरचना बनाई उत्पादकलाई सहुलियत दिन सकिने बताए। 'बंगलादेश, कम्बोडियाजस्ता देशले सन् २००५ मा तयारी पोसाकको कोटा खारेज भएपछि यस्तो उपाय अवलम्बन गरेर निर्यात बढाएका थिए,' उनले भने।

निर्यात बढाउनेसँगसँगै आयात प्रतिस्थापनमा पनि यति बेला जोड दिनुपर्ने गभर्नर खतिवडाले बताए। कृषिजन्य, ऊर्जालगायत क्षेत्रमा लगानी बढाएर आयात प्रतिस्थापन गर्न सकिने उनले बताए। केन्द्रीय बैंकले यस पटक बैंकहरूले कृषि र ऊर्जामा गरिने लगानीलाई २० प्रतिशत पुर्‍याएको छ। 'उत्पादकको तहमा अनुदान दिने, विशेष आर्थिक क्षेत्र (सेज) सञ्चालनमा ल्याउने र निजी क्षेत्रसँगको सहकार्यमा कृषिको व्यवसायीकरणमा ध्यान दिइनुपर्छ,' गभर्नर खतिवडाले भने, 'यसबाहेक विद्युत्मा लगानी बढाएर आयात प्रतिस्थापन गर्न सकिन्छ।'

महासंघ अध्यक्ष वैद्यले सरकार लगानी ल्याउने विषयमा नीतिगत रूपमै प्रस्ट नभएकाले समस्या भएको बताए। उनले लगानी वर्ष घोषणा भए पनि पर्याप्त बजेट नआएको र अन्य व्यवस्थापनमा पनि सरकारले ध्यान नदिएको आरोप लगाए। 'राजनीतिक समस्या सकिएला र आर्थिक मुद्दामा जाऔंला भन्ने हो भने कहिल्यै अगाडि बढ्न सकिँदैन,' उनले भने।

यससँगै सिरिया इजिप्टलगायतका देशमा देखिएको समस्या नेपालको रोजगार गन्तव्यमा समेत देखा पर्ने समस्याबारे सम्बन्धित निकाय संवेदनशील नभएकोप्रति उनले चिन्ता व्यक्त गरे।